# नेपाल सरकार
# अर्थ मन्त्रालयको
# सूचना

हाल देशमा लोडसेडिङ्गको कारणले उत्पन्न समस्यालाई  केही हदसम्म न्यून गरी आमग्राहक वर्गलाई राहत दिलाउन नेपाल सरकार, मन्त्रिपरिषद्ले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम राजस्व छुट दिने समेतको निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) सम्वत् २०६८ साल चैत्र मसान्तभित्र निर्माण सम्पन्न गरी विद्युत आपूर्ति गर्ने आयोजनाहरुलाई ७ वर्षको लागि विद्युतको आयकर छुट दिने,

(२) LED, Slim Tube Light / Electronic Ballast को  आयातमा भन्सार महसुल १ प्रतिशत अशुल गरी बाँकी भन्सार महशुल र मूल्य अभिवृद्धि कर आदि छुट दिने,

(३) वायु उर्जाको उत्पादन गर्ने यन्त्र तथा उपकरणमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर पुरै छुट दिने,

(४) विद्युत चुहावट नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन कारखानाहरुमा Capacitor Bank जडान गर्न प्रोत्साहनको लागि यस्ता उपकरण आयात गरी जडान गर्ने उद्योगलाई आयकर प्रयोजनको लागि एकै वर्षमा सम्पूर्ण खर्च लेख्न पाउने व्यवस्था गर्ने ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव

**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना**

खण्ड ५८ संख्या १७ मिति २०६५।४।२० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम महिला तेक्वान्दो खेलाडी सुश्री संगीना बैद्यलाई नेपाल तेक्वान्दो संघबाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ११,४९,५४०.०० (एघार लाख उनान्चास हजार पाँच सय चालीस) मूल्य बराबरको Toyota Yaris 4 Door Sendan Car आयात गर्दा आकस्मीक लाभ कर र लाग्ने राजस्वमा ६६ प्रतिशत छुट दिईएकोमा निजले अन्तराष्ट्रिय स्तरमा नेपालको गरीमा स्थापित गर्नु भएको हुँदा नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सो कारमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका सम्पूर्ण करहरु पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव

**नेपाल सरकार**
**अर्थ मन्त्रालयको**
**सूचना**

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेलको लागि Friends of Patan Hospital, USA बाट अनुदान स्वरुप प्रदान गरिने यूरो १,९००.०० (एक हजार नौ सय) मूल्य बराबरको Surgical Instruments का सामानहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना-१

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी खीष्टिय राहत सेवा, ललितपुर मार्फत दैवी प्रकोप पिडितहरुको लागि Mennonite Central Committee, Canada बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १५,५६९.०० (पन्ध्र हजार पाँच सय उनान्सत्तरी) मूल्य बराबरको ४८५ (चार सय पचासी) थान ब्ल्यांकेट आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना-२

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी काठमाडौंले देहायका चिकित्सा उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| सि.नं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १. | Stent | US$ 6,860.00 |
| २. | IABP Balloon | US$ 10,425.00 |

आज्ञाले,

(भेषराज शर्मा)
सह-सचिव